# सातौं नगर सभा बैठक २०७७ साल असार १० गते वुधवार

# उपप्रमुख श्री केशरी रावल विष्टले

# प्रस्तुत गर्नुभएको

## आर्थिक वर्ष २०७७/७८को

## बजेट तथा कार्यक्रम

टीकापुर नगरपालिका

टीकापुर , कैलाली

२०७७

**www.tikapurmun.gov.np**

*नगर सभाका अध्यक्षज्यू एवं नगरसभा सदस्यज्युहरु,*

१ . विश्व मानव समुदाय नै कोभिड–१९ (कोरोना भाईरस) संग जुधीरहेको विद्धमान विषम परिस्थिति बीच यस गरिमामय सातौं नगरसभा समक्ष टीकापुर नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को बजेट प्रस्तुत गर्न गैरहेको छु, यस घडीमा इतिहासका विभिन्न कालखण्डहरुमा भएका मुक्तिको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मान ब्यक्त गर्दै भावपूर्ण श्रदान्जली अर्पण गर्दछु । साथै राजनीतिक आन्दोलनका क्रममा हालसम्म बेपत्ता भएका हरु प्रति हार्दिक श्रद्धासुमन साथै घाईते र अपाङ्ग योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु | यस टीकापुर नगरपालिकाको स्थापना देखि वर्तमान स्वरूप, संरचना र विकास तथा परिवर्तनमा नेतृत्वदायी भूमिका निर्बाह गर्नु हुने सम्पूर्ण अग्रजहरुप्रति उच्च सम्मान ब्यक्त गर्दछु ।

२. कोभिड–१९ को महामारीबाट सङ्क्रमित भई स्वदेश तथा विदेशमा ज्यान गुमाउनुहुने नागरिकहरुप्रति हार्दिक श्रद्धान्जली ब्यक्त गर्दछु र उपचाररत संक्रमित ब्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोरोना भाईरस विरुद्धको अभियानमा सहयो`ग र सहकार्य गर्नुहुने संघीय सरकार, प्रदेश सरकार, विभिन्न संघसंस्था तथा ब्यक्तिहरु, निजी क्षेत्र, संचारक्षेत्र, बुद्धिजीवी तथा नगरवासीहरुमा हार्दिक आभार तथा सम्मान ब्यक्त गर्दछु, साथै कोभिड –१९महामारीको संक्रमण, न्यूनिकरण तथा नियन्त्रणका लागि अग्रपंक्तिमा अहोरात्र खटिनु हुने जनप्रतिनिधीज्यूहरु, सम्पूर्ण स्वास्थ्यकर्मि, सुरक्षाकर्मि, सवारीचालक, कर्मचारीहरु लगायत सम्पूर्णमा हार्दिक आभार ब्यक्त गर्दछु र यस कठिन परिस्थितीमा जीवन रक्षाका लागि सरकारबाट लिईएको नीतिको परिपालना गर्नु भएकोमा सम्पूर्ण नगरवासीज्यूलाई हार्दिक धन्यवाद दिदै थप सतर्कता र संयमता अपनाउन अनुरोध गर्दछु ।

३. यस संकटको घडीमा नगरवासीलाई सुरक्षा तथा उद्धार गर्नु नगरपालिकाको प्रमुख दायित्व हो| मैले नगरपालिकाको तेस्रो बर्षको बजेट प्रस्तुत गरिरहदा कोरोनाबाट नागरिकको जिबन रक्षा गर्ने र आर्थिक क्रियाकलापहरुलाई गतिसिल बनाउने गहन जिम्मेवारी बोध गरेको छु | नयाँ परिस्थितीले सिर्जना गरेको चुनौतीलाई सामना गर्दै नागरिकहरुमा आत्मविश्वास बृद्धि गराउदै नगरको समग्र विकासका लागि नगर क्षेत्रभित्र रहेका सम्भावना र अवसरहरुलाई उपभोग गर्ने तर्फ केन्द्रित रही आवश्यक बजेट बिनियोजन गरी आर्थिक, सामाजिक र पूर्वाधारका साथै मानविय विकास क्रियाकलापहरुमा जोड दिएको छु ।

४ . कोभिड –१९ विश्वब्यापी संक्रमणको कारण उत्पन्न असहज परिस्थितमा जोखिमलाई न्यूनिकरण गर्न “कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोष” मा आवश्यक रकम विनियोजन गरी सीमा क्षेत्र तथा मूलुकका अन्य स्थानहरुबाट समेत मानव उद्धार गर्नुका साथै औषधी उपचार, क्वारेन्टाईन ब्यवस्थापन लगायतका ब्यवस्था मिलाईएको छ भने लकडाउन बन्दाबन्दीका कारण साँझविहान हातमुख जोर्न समेत मुस्किल पर्ने ज्याला मजदुरी गरी खाने वर्गहरुलाई राहत स्वरुप खाद्यान्न उपलब्ध गराईएको छ ।

५. कोभिड–१९ का कारण देशमा गरिएको बन्दाबन्दिको समयमा तेस्रो मुलुक लगायत भारत र देशका अन्य स्थानबाट टीकापुर प्रवेश गरी नगरपालिकाबाट स्थापना गरिएका क्वारेन्टाईनमा बसेका नागरिकहरुका साथै अन्य संकास्पद नागरिकको आर.डि.टी.परिक्षण गरि पि.सि.आर परीक्षणको लागि नमूना संकलन गरी प्रयोगशालामा पठाईएको छ|

*आदरणीय नगर सभाका अध्यक्षज्यू तथा सदस्यज्युहरु,*

अव म यस गरिमामय सभा समक्ष नगरपालिकाको चालु आ.व. २०७६/०७७ को संशोधित संक्षिप्त आय तथा ब्यय प्रस्तुत गर्दछु ।

६.यस चालु आ.व. २०७६/७७ मा संघको राजस्व बाँडफाँड अर्न्तगत १४ करोड ९३ लाख ३६ हजार ६ सय ९३ रुपैया , प्रदेश राजस्व वाँडफाँड अर्न्तगत ४ करोड ६१ लाख ५७ हजार गरी कुल राजस्व बाँडफाँड रकम १९ करोड, ५४ लाख ९३ हजार ६ सय ९३ रुपैया , त्यसैगरी समानीकरण अनुदान तर्फ संघको समानीकरण अनुदान १९ करोड २१ लाख र प्रदेशको समानीकरण अनुदान रु. ७९ लाख ९७ हजार गरी जम्मा २० करोड ९७ हजार , त्यसैगरी सशर्त अनुदान तर्फ संघको सशर्त अनुदान रु. २८ करोड ४३ लाख ४१ हजार र प्रदेश शसर्त अनुदान ६१ लाख २ हजार गरी जम्मा सशर्त अनुदान २९ करोड ४ लाख ४३ हजार , त्यसैगरी विशेष अनुदान तर्फ संघ विशेष अनुदान १ करोड र प्रदेश विशेष अनुदान रु. ५४ लाख गरी जम्मा १ करोड ५४ लाख , त्यसै गरी समपुरक अनुदान तर्फ संघ समपुरक अनुदान रु. १ करोड २८ लाख र प्रदेश समपुरक अनुदान रु. २ करोड गरी जम्मा ३ करोड २८ लाख , त्यसै गरी आन्तरिक राजस्वतर्फ ४ करोड ११ लाख १० हजार र गत वषको जिम्मेवारी सरेको रु.१२ करोड ४७ लाख ६७ हजार ७ सय ४९ रुपैया ४३ पैसा गरी जम्मा आन्तरिक श्रोत १६ करोड ५८ लाख ७७ हजार ७ सय ४९ रुपैया ४३ पैसा भएको जानकारी गराउँदछु।

*आदरणीय नगर सभाका अध्यक्षज्यू तथा सदस्यज्युहरु,*

अब म यस सभा समक्ष आर्थिक वर्ष २०७७/०७८ को बजेटका उदेश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

***यस बजेटका उद्धेश्य देहाय बमोजिम रहेका छन ।***

७. भौतिक पूर्वाधारको विकास गर्दै दीगो तथा गुणस्तरीय पूर्वाधार निर्माण गरी आधारभूत पूर्वाधारयुक्त नगरको विकास गर्ने ।

८. संक्रामक लगायतका सवै प्रकारका रोगहरु र बिपद्‌बाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सुरक्षित र सहज बनाउने ।

९. स्थानीय स्तरमा उपलव्ध स्रोत, साधन, अवसर र क्षमताको उच्चतम उपयोग गरी आर्थिक, सामाजिक र भौतिक पूर्वाधारका क्रियाकलापमा जोड दिई विकासको गतिलाई निरन्तरता दिने ।

१०.आम नागरिकका मौलिकहकका रुपमा रहेका शिक्षा, स्वास्थ्य जस्ता संबेदनशिल क्षेत्रहरुमा जनचेतनामूलक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सहित गुणस्तरीयता अभिबृद्धिका लागि सहकार्य र समन्वयमा जोड दिदै स्वस्थ नगरीको रुपमा विकास गर्ने ।

११. महिला सशक्तिकरण, लैंगिक समानता कायम गरी वञ्चितिकरण र विभेदयुक्त समाजको अन्त्य गर्दै नागरिकहरुको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने ।

१२. टीकापुर नगर क्षेत्रमा विद्यमान कृषि तथा पशुपालनको प्रचुर सम्भावनालाई भरपुर मात्रामा उपयोग गर्दै विद्यमान निर्वाहमुखी कृषि तथा पशुपालनलाई व्यवसायीमुखी बनाउदै आम कृषकको जीवनस्तरमा उल्लेख्य सुधार गर्ने र समग्र रुपमा कृषि तथा पशुपालन क्षेत्रमा यस नगरलाई आत्मनिर्भर बनाउने ।

१३. नगरमा रहेका विभिन्न धार्मिक, सांस्कृतिक, तथा ऐतिहासिक महत्व बोकेका धरोहरका साथसाथै स्थानीय भाषा, कला, साहित्यको उचित संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन तथा व्यवस्थापनमा जोड दिर्दै पर्यटकीय नगरीको रुपमा विकास गर्ने ।

१४. नगर क्षेत्रमा रहेका विभिन्न वर्ग, क्षेत्र, जाती, लिंग, भाषा, धर्म, अशक्त, असहाय, अल्पसंख्यक समुदायको यथोचित सम्मानगर्दै सवै प्रकारका विभेदको अन्त्य गरी आर्थिक सामाजिक रुपान्तरण गरी सम्मुन्नत नगरको विकासको सपना साकार पार्ने ।

१५. सार्वजनिक सेवाप्रवाहमा गुणात्मक सुधार, शान्ति सुरक्षाको प्रत्याभूति र भ्रस्टाचार नियन्त्रण मार्फत सुशासन कायम गर्ने ।

**यस बजेटका प्राथमिकताहरु देहाय बमोजिम रहेका छन् |**

१६. बिकासको शिघ्र प्रतिफल प्राप्त हुने र आगामी बर्षभित्र सम्पन्न हुने अधुरा योजनाहरु कार्यान्वयनमा प्राथमिकता दिईने छ ।

१७. कोरोना लगायत सवै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकहरुलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउन स्वास्थ्य सेवा स्तरोन्नती गर्ने ।

१८. गुणस्तरीय र जीवनोपयोगी शिक्षा तथा तथा लैङ्गिक समानता कायम गर्न उपयुक्त कार्यक्रम संचालन गर्ने ।

१९. कृषि, पशुसेवा, पर्यटन पूर्वाधार लगायतका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारहरुको विकास तथा निर्माण गर्ने ।

२०. गुणस्तरीय तथा पहुँचयुक्त सार्वजनिक सेवा, उत्तरदायी तथा पारदर्शी शासन व्यवस्था कायम गरी सुशासन प्रवर्द्धन, सामाजिक न्याय कायम गर्ने ।

*आदरणीय नगर सभाका अध्यक्षज्यू एवं सदस्यज्युहरु,*

उपरोक्त उद्देश्य प्राप्तिका लागि देहाय अनुसार विकासका प्राथमिकता निर्धारण गरी कार्यान्वयनको आवश्यक व्यवस्था मिलाएको छु ।

क) **पूर्वाधार विकास तर्फ :**

भौतिक पूर्वाधारको यथोचित विकास गर्दै दीगो तथा गुणस्तरीय पूर्वाधार निर्माण गरी आधारभूत पूर्वाधारयुक्त नगरको विकास गर्नका लागि आर्थिक वर्ष २०७७/०७८ का लागि यस अन्तर्गतका कार्यक्रमहरुमा निम्नानुसार रकमको ब्यवस्था मिलाएको छु ।

२१. नागरिकहरुको आवागमनमा सहज पहुँच कायम गर्न नगर क्षेत्रका सम्पूर्ण वडाहरुमा सडक संजालको विस्तारका लागि **"एक वडा एक गौरवको सडक योजना"** अन्तर्गत यस नगरपालिकाको नगर गौरवको आयोजना स्वरुपप्रत्येक वडामा १(एक) कि.मि. सडक कालोपत्रे योजना अन्तर्गत रु. **७ करोड २०** लाख विनियोजन गरेको छु ।

२२. संघ र प्रदेश समपुरक अनुदान कार्यक्रम, सडक बोर्ड नेपाल, तराई मधेश सम्वृद्धि कार्यक्रम लगायतका अन्य दातृ निकायहरुबाट प्राप्त हुने आयोजनाहरु कार्यान्वयनका लागि यस न.पा.को तर्फबाट साझदारीका लागि रु. १० करोड २६लाख ४९ हजार ४ सय ५० रुपैया बजेट विनियोजन गरेको छु ।

२३. नगर क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकासका लागि रु.२ करोड १४ लाख ९८ हजार वजेट विनियोजन गरेको छु ।

२४. शक्तिनगर शिविरका मुक्त कमैयाहरुको सामुहिक आवास निर्माण कार्यक्रमका लागि रु. ६० लाख वजेट विनियोजन गरेको छु ।

२५. नगर भित्र रहेका सडक स्तरोन्नती अन्तर्गत ग्राभेल, माटो पटानीका तथा नयाँ सडक रेखाङ्कनका लागि १५ लाख रकम तथा ह्यूमपाईप खरिदका लागि ३३ लाख रकम गरी कुल ४८ लाख बजेट विनियोजन गरेको छु , साथै मर्मत सम्भार कोषमा रु. ३० लाख वजेट विनियोजन गरेको छु ।

२६. नगर कार्यपालिका कार्यालय परिसरको सौन्दयता कायम गर्न कार्यालय परिसरको स्तरोन्नती तथा व्यवस्थापन का लागि बजेट बिनियोजन गरी कार्य अगाडी बढाइएको छ ।

२७. नगद लागत सहभागिता योजनामा नगरवासीहरुलाई आकर्षित गराउने उद्देश्यले ५० प्रतिशत लागत सहभागिता हुने योजना संचालन लाई निरन्तरता दिदै आगामी आ.व.का लागि रु.२० लाख रकम विनियोजन गरेको छु ।

२८. सार्वजनिक स्थानमा तथा मागमा आधारित सडक बत्ति कार्यक्रमलाई थप प्रभावकारी बनाउन र सडकवत्तीको वढ्दो मागलाई पुरा गर्ने उद्देश्यले आगामी आ.व.का लागि रु. ५ लाख रकम विनियोजन गरेको छु ।

२९. सवै वडाहरुको समानुपातिक विकासको लागि वडा स्तरीय पूर्वाधार निर्माण तर्फ रु. २ करोड ९० लाख वजेट विनियोजन गरेको छु ।

३०. आधुनिक शवदाह गृह निर्माण कार्यलाई निरन्तरता दिदै रु. ३० लाख वजेट विनियोजन गरेको छु ।

ख) **<u>सामाजिक विकास क्षेत्रतर्फ :</u>**

आम नागरिकका मौलिक हकका रुपमा रहेका शिक्षा, स्वास्थ्य जस्ता संबेदनशिल क्षेत्रहरुमा जनचेतनामूलक तथा प्रबर्द्धनात्मक कार्यक्रमहरु सहित गुणस्तरियता अभिबृद्धिका लागि सहकार्य र समन्वयमा जोड दिदै स्वस्थ नगरवासी र शैक्षिक नगरीको रुपमा विकास गर्ने लक्ष्य अनुरुप निम्नानुसारका कार्यक्रमका लागि रकम विनियोजन गरेको छु ।

**शिक्षा, युवा तथा खेलकुद तर्फः**

३१. गरिब तथा जेहेन्दार विद्यार्थी लाई प्राविधिक शिक्षा हासिल गर्नका लागि **मेयर प्राविधिक शिक्षा छात्रबृत्ति कार्यक्रम** अन्तर्गत छात्रबृत्ति प्रदान गर्न रु. ११ लाख विनियोजन गरेको छु ।

३२. यस नगर क्षेत्रका अनाथ, असहाय विद्यार्थिहरुको कम्तिमा पनि मा.वि. तहसम्म शिक्षामा निरन्तरता प्रदान गर्न **उपमेयर अनाथ, असहाय छात्रबृत्ति कार्यक्रम** अन्तरगत रु १० लाख विनियोजन गरेको छु ।

३३. विद्यालयहरुमा अतिरिक्त कृयाकलापको माध्यमबाट विद्यार्थीहरुमा भएका सिर्जनशीलता (कला, साहित्य, विज्ञान) तथा खेलकुद र शरीरिक सुगठन विधालाई निखार्दै **मेयर कप, उपमेयर कप**, राष्ट्रपति रनिङ्ग शील्ड हुदै राष्ट्रिय प्रतियोगिताहरुका लागि एकमुष्ट रु. १५ लाख विनियोजन गरेको छु ।

३४. सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठयपुस्तक वितरणका  गर्न रु. ६९ लाख १४ हजार बजेट विनियोजन गरेको छु ।

३५. वालविकास शिक्षिका (सहयोगी कार्यकर्ता) हरुलाई सर्शत अनुदानबाट पाउँदै आएको पारिश्रमिकमा मासिक रु. २ हजारका दरले थप प्रोत्साहन भत्ताका लागि रु.१६ लाख ३२ हजार विनियोजन गरेको छु ।

३६. वालवालिकाहरुलाई विद्यालयमा “झिकाऔं, सिकाऔं र टिकाऔं” भन्ने आदर्श वाक्यको अनुसरण गर्दै चार वर्ष उमेर समुहका तथा विद्यालय उमेरका विद्यालय भन्दा वाहिर रहेका विद्यालयमा भर्ना भएका बालबालिकालाई टिकाउन तथा पोषणको सुनिश्चितता गर्न विद्यालय दिवा खाजा कार्यक्रम अन्तर्गत रु. १ करोड ४६ लाख ५८ हजार  बजेट बिनियोजन गरेको छु  ।

३७. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको महिनावारीको समयमा पनि विद्यालयमा नियमित उपस्थिती तथा व्यक्तिगत सरसफाईलाई बढावा दिनका लागि **सेनेटरी प्याड खरिद तथा व्यवस्थापन कार्यक्रमका लागि** रु. ५२ लाख ८१ ह्जार विनियोजन गरेको छु ।

३८. युवा उद्यम कार्यक्रम ,युवा क्लव गठन तथा नमुना युवा संसद अभ्यास कार्यक्रम सहित समग्र युवा तथा खेलकुद क्षेत्रको विकासका लागि रु. ३६ लाख, ७४ हजार ८ सय २७ रुपैया विनियोजन गरेको छु ।

३९. उल्लेखित कार्यक्रम सहित नगरको समग्र शिक्षा क्षेत्रको विकास तथा विस्तारका लागि आ.व. ०७७/०७८ मा रु.२२ करोड ३९ लाख ५२ हजार ७ सय १९ रुपैया विनियोजन गको छु ।

**जनस्वास्थ्य प्रवर्द्धन :**

४०.कोभिड १९ कोरोना भाइरस को संक्रमण रोकथाम एवं विभिन्न राहत तथा जोखिमबाट उद्धार कार्य गर्नको लागि एकमुष्ठ रु. ५० लाख बजेट विनियोजन गरेको छु ।

४१. टीकापुर अस्पतालमा संचालन गरिएको बालरोग विशेषज्ञ सेवालाई थप गुणस्तरीय बनाई निरन्तरता तथा एन.आई.सी.यु.सेवा संचालनका लागि **विशेषज्ञ परामर्श सेवा** कार्यक्रमका लागि रु.५० लाख ४० हजार विनियोजन गरेको छु ।

४२. नेपाल रेडक्रस सोसाइटी टीकापुर उपशाखासँग संम्झौता गरी संचालनमा रहेको **निःशुल्क रक्त संचार सेवा तथा घर देखि अस्पताल सम्म (Home to Hospital programme)** कार्यक्रमको निरन्तरताका लागि रु. २ लाख विनियोजन गरेको छु ।

४३. सुत्केरी अवस्थामा पोषणयुक्त खानाको महत्व दशाई, पोषणयुक्त खाना खाने बानीको विकास गर्न टीकापुर नगरपालिका क्षेत्र भित्रका सुत्केरी आमालाई पोषण खाद्य सामग्री हस्तान्तरण अन्तर्गत **आमासँग उपमेयर कार्यक्रमका** लागि रु.१० लाखविनियोजन गरेको छु ।

४४. नमुना स्वास्थ्य चौकी र पोषण मैत्री वडा कार्यक्रम संचालनका लागि रु. १० लाख वजेट विनियोजन गरेको छु

४५. स्थानीय जनतालाई आयुर्वेद सम्वन्धि ज्ञान उपलव्ध गराउन आयुर्वेद परिचयात्मक कार्यक्रमका साथै आर्युवेद स्वास्थ्य कार्यक्रमका लागि रु.३२ लाख विनियोजन गरेको छु ।

४६. उल्लेखित कार्यक्रम सहित नगरको समग्र स्वास्थ्य क्षेत्रको विकास तथा विस्तारका लागि आ.व. ०७७/७८ मा रु. ४ करोड ७८ लाख ९३ हजार ३६ रुपैया ८६ पैसा विनियोजन गरेको छ ।

**महिला, वालवालिका, जेष्ठ नागरिक तथा अपांगता भएका ब्यक्तितर्फ :**

४७. नगर क्षेत्रमा रहेका विभिन्नवर्ग, क्षेत्र, जाती, लिंग, भाषा, धर्म, अशक्त, असहाय, अल्पसंख्यक समुदायको यथोचित सम्मानगर्दै समाजमा विद्यमान सवै प्रकारका विभेदको अन्त्य गरी आर्थिक सामाजिक रुपान्तरण सँग सम्बन्धित देहाय बमोजिमका कार्यक्रमका लागि तपसिल बमोजिम रकम विनियोजन गरिएको छु ।

४८.वालविवाह न्यूनिकरणलाई प्रभावकारी बनाउनका लागि **हाम्री छोरी प्यारी छोरी कार्यक्रमलाई** निरन्तरता दिदै रु. ५ लाख विनियोजन गरेको छु ।

४९. महिला हिंसा, छुवाछुत, अन्धविश्वास र कुप्रथा लगायतका सम्पूर्ण कुप्रचलन, तथा प्रवृत्तीलाई न्यूनिकरणका लागि **"छाउपडिगोठमूक्त नगरपालिका"** अभियान कार्यक्रममा आवश्यक रकमको ब्यवस्था मिलाएको छु ।

५०. जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि विविध कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

५१. अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण तथा व्यवस्थापनका लागि रु.५० हजार बजेट विनियोजन गरेको छु ।

**ग.आर्थिक विकास तर्फ**

**कृषित तर्फः**

कृषि तथा पशुपालन क्षेत्रमा यस नगरलाई आत्मनिर्भर बनाउने उद्देश्यका साथ निम्नानुसारका कार्यक्रमहरुका लागि देहाय बमोजिम रकम विनियोजन गरेको छु ।

५२. कृषि क्षेत्रको आधुनिकिकरण, ब्यवसायीकरण र कृषक युवा उद्यमीको क्षमता विकास गरी राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुरयाउने बाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गर्न रु. २० विनियोजन गरेको छु ।

५३. उल्लेखित कार्यक्रम सहित नगरको समग्र कृषी क्षेत्रको विकास तथा विस्तारका लागि आ.व. ०७७/०७८ मा एकमुष्ट रु.१ करोड १२ लाख ७६ हजार ७ सय ८१ रुपैया ७९ पैसा विनियोजन गरेको छु ।

५४. केरा थामबाट कागज उत्पादन तथा कागजको सामाग्री तयारीका लागि आवश्यक तालिम तथा सामाग्री हस्तान्तरणका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

पशुसेवा

५५. व्यावसायिक पालनका लागि सम्भाब्यताको आधारमा वडा तथा गाउँ/टोलमा **विशेष क्षेत्र निर्धारण** गरी माछापालन कार्यक्रमका लागि रु.५ लाख विनियोजन गरेको छु ।

५६. संघ, प्रदेश र नगरपालिकाको लागत साझेदारीमा गाई, प्रवर्द्धन, बंगुर प्रवर्द्धन,  र मासुको लागि पाडा प्रवर्द्धन कार्यक्रमका लागि १ करोड ३ लाख ६० हजार बजेट विनियोजन गरेको छु ।

५७. कृतिम गर्भाधान गरीएका गाई भैंसीहरुका लागि सुत्केरी प्याकेज कार्यक्रम अर्न्तगत ५० हजार रकम बिनियोजन गरेको छु ।

५८. भैसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गर्न २५ लाख विनियोजन गरेको छु ।

५९. यस नगरपालिकामा रहेका सामुदायिक चौपाया ब्यवस्थापनका लागि सामुदायिक चौपाया व्यवस्थापन कार्यक्रम अन्तर्गत रु. १५ लाख विनियोजन गरेको छु ।

६०. गाई, भैसीको क्षेत्र पकेट प्याकेज कार्यक्रम अन्तर्गत वर्षे, हिउदे, वहुवर्षे/डाले घाँसको खेती र विऊ उत्पादनमा समेत जोड दिइ ब्यावसायिक घाँस खेती कार्यक्रमका लागि रु. ४ लाख ५० हजार विनियोजन गरेको छु ।

६१. नश्ल सुधारका लागी कृत्रिम गर्भाधान तथा उन्नत नश्लका वोयर पाठी/वोका, वंगुरको भाले (वीर) वितरण कार्यक्रम अन्तरगत रु. ३ लाख ४७ हजार ७ सय २५ रुपैया विनियोजन गरेको छु ।

६२. टीकापुर नगरपालिका क्षेत्रभित्र कडकनाथ, लौकाट, बट्टाई, हाँस लगायतका पंक्षीहरुको पालनको शुरुवात भईरहेको र यसको सम्भाब्यतालाई मध्येनजर गर्दै यी प्रजातीका चल्ला उत्पादनका लागि आवश्यक कार्यक्रम सहित ५ लाख रकम बिनियोजन गरेको छु|

६३. टीकापुर नगरपालिकाको पशुसेवा शाखाको सेवा विस्तार, रोग नियन्त्रणका लागि पशु खोप कार्य तथा पशु स्वास्थ्य शिविर कार्यक्रमका लागि रु.१ लाख ५० हजार विनियोजन गरेको छु ।

६४. उल्लेखित कार्यक्रम सहित नगरको समग्र पशुपन्छी विकास कार्यक्रमको विकास तथा विस्तारका लागि रु. १ करोड ६९ लाख २८ हजार १ सय ४२ रुपैया ७ पैसा विनियोजन गरेको छु ।

**धार्मिक, सांस्कृतिक , पर्यटनः**

टीकापुर नगरपालिका क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक, तथा ऐतिहासिक सम्पदा तथा स्थानीय भाषा, कला, साहित्यको उचित संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन तथा व्यवस्थापन र विविध परिकार मेला कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

६५. पर्यटन विकास र प्रवर्द्धनका लागि पर्यटन गुरु योजना बनाई मुख्य-मुख्य पर्यटकीय क्षेत्रको विकास, प्रवर्द्धन र प्रचार प्रसार कार्यक्रमका एकमुष्ट रकम रु.२१ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

६६. टीकापुर क्षेत्रभित्र वसोवास गर्ने राजी, माझी, थारु, मगर, दलित तथा बादी समुदायको जीविकोपार्जनमा सुधार तथा स्तरोन्नतीका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

६७. सबै जातजातिहरुको भाषा, संस्कृति, लोक साहित्य, नृत्य, गीत संगित, मेला, पर्व, जात्रा, भाषाको संरक्षण, भाषा संस्कृति जर्गेनाका लागि रु.७३ लाख २ सय २१ रुपैया ३ पैसा विनियोजन गरिएको छ ।

**सहकारी तथा उद्यमशिलतातर्फ**

६८. टीकापुर नगरपालिका क्षेत्र भित्र रहेका सहकारी संघ संस्थाहरुको सञ्चालन प्रक्रियालाई व्यवस्थित, गुणस्तरीय र पारदर्शी बनाउदै सहकारी क्षेत्रको विकास प्रवर्द्धनका लागि तालिम, क्षमताविकास, नियमनतथा अनुगमन, सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (**COPOMIS**) कार्यक्रमका लागि एकमुष्ट रु. ३ लाख २५ हजार वजेट विनियोजन गरेको छु ।

६९. रोजगारमूलक तथा उद्यमशिलता विकासका लागि उद्योग तर्फ ३७ लाख ३ सय १० रुपैया , गरिवी निवारण अर्न्तगत १ लाख ३० हजार , श्रम तथा रोजगारी अर्न्तगत ७ लाख ५० हजार विनियोजन गरेको छु ।

७०. उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा), पुर्नताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रमका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

७१. सेवा प्रदायक संस्थाहरु मर्फत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रमका लागि रु. २२ लाख ६० हजार विनियोजन गरेको छु ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू एवं सदस्यज्युहरु,**

अव म वन वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी क्षेत्रमा संचालन हुने कार्यक्रमहरुमा विनियोजन गरेको रकमको सम्बन्धमा प्रकाश पार्न गईरहेको छु ।

**घ.  वन , वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र :**

७२. नगरपालिकाको नियमित वार्षिक योजना तथा दातृ निकायसंगको साझेदारीमा जलवायू समानुकुलित विकास योजनाहरु (**CRDP**) सञ्चालनका लागि सशर्त अनुदान अन्तर्गत **NCCSP** को तर्फबाट रु. १ करोड ५४ लाख प्राप्त हुन आएकोमा उक्त रकममा नगरपालिकाको तर्फबाट थप रकम विनियोजन गरी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

७३. दीगो विकास लक्ष्य अनुरुप नागरिकको स्वच्छ खानेपानीको उपभोगमा समान पहुंच कायम गर्नका लागि खानेपानी तथा सरसफाई कार्यक्रम अर्न्तगत रु. ५ लाख विनियोजन गरेको छु ।

७४. उल्लेखित कार्यक्रम सहित वन, वातावरण तथा विपद् क्षेत्रमा केन्द्र तथा वडामा संचालन हुने कार्यक्रममा एकमुष्ट रु.२ करोड १९ लाख ६५ हजार ८ सय ४४ रुपैया ३ पैसा विनियोजनको व्यवस्था मिलाईएको छ ।

**ङ .सुशासन तथा सँस्थागत विकास :**

७५. जनताको गुनासाहरुको यथोचित सम्बोधन गरी नगर सरकार र जनताबीच आपसी विश्वास, समन्वय र सम्बन्ध बढाउन जनतासँग मेयर, उपमेयर कार्यक्रमका लागि रु. २० लाख विनियोजन गरेको छु ।

७६. जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकासका लागि तालिम लगायतका कार्यक्रम गर्न रु. १४ लाख रकम विनियोजन गरेको छु ।

७७. टीकापुर क्षेत्रका विभिन्न विधा र विषयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा ख्याती र प्रतिष्ठा कमाई टीकापुरको चिनारी बढाउन योगदान दिने व्यक्तित्वहरुलाई प्रोत्साहन र सम्मान गर्ने कार्यक्रम अन्तर्गत रु. १ लाख विनियोजन गरेको छु ।

७८ विभिन्न दिवस, सभा, समारोह, उत्सव र स्थानीय संस्कृति प्रबर्द्धन कार्यक्रम अन्तरगत रु.५ लाख विनियोजन गरेको छु ।

७९. सुशासन तथा पारदर्शिता शिर्षक अन्तर्गत सार्वजनिक सुनुवाई, समिक्षा लगायतका कार्यक्रमका लागि आवश्यक रकमको ब्यवस्था मिलाएको छु ।

८०. नागरिकको मौलिक हकका रुपमा रहेको सूचनाको हक कार्यान्वयनका लागि मोवाईल एप्स, नागरिक वडापत्र, वेवसाईट, रेडियो कार्यक्रम, पत्रपत्रिका, डिजिटल नोटिस बोर्ड लगायतका माध्यमबाट नागरिकलाई नगरपालिका सम्बन्धी जानकारी प्रदान गरिने ब्यवस्थालाई निरन्तरता प्रदान गरिनेछ ।सो का लागि आवश्यक बजेट बिनियोजन गरेको छु |

८१. टीकापुर नगरपालिकाभित्र सञ्चालित मिडिया मार्फत लोक कल्याणकारी सूचना तथा सन्देश प्रवाह कार्यक्रम का लागि १० लाख वजेट विनियोजन गरेको छु ।

**अन्य :**

८१. प्रभावकारी राजश्व परिचालनका लागि राजश्वको दायरा बढाउने तथा नया क्षेत्रको पहिचान गर्नुका साथै बढी भन्दा बढी ब्यवसायीहरुलाई कर बुझाउन प्रेरित गर्नेगरी विविध कार्यक्रम सहित कर सप्ताह, कर जागरण अभियान संचालन गरिनेछ र सो का लागि आवश्यक रकम बिनियोजन गरेको छु |

८२. न्याय प्रशासनलाई सरल र मितव्ययी बनाउदै न्यायमा सबैको पहुच सुनिश्चित गरिनेछ | नगरको बिकास र समृद्धिका लागि आवश्यक पर्ने कानुन निर्माण तथा सुधार गर्नुका साथै झन्झटिलो र खर्चिलो न्याय प्रणालीमा सुधार गरी सरल, सहज, छिटो छरितो, सर्वसुलभ न्याय प्रदान, न्यायमा सर्वसाधारणको पहुँच वृद्धि गर्दै अन्यायमा परेका बालबालिका, महिला, जेष्ठ नागरिक, अशत्त, अपाङ्ग वर्ग एवं समुदायका मानिसहरुको गुनासो सुनुवाईका लागि गठित मेलमिलाप केन्द्र तथा इजलास ब्यबस्थापन लगायतका कार्यहरुका लागि रु . १० लाख रकम बिनियोजन गरेको छु ।

८३. बिगतलामो समय देखि यस क्षेत्रमा कायम रहेको बडघर प्रथालाई प्रोत्साहन गर्न तथा टोल विकास संस्था क्रियाशिलताका लागि रु. १ लाख ७५ हजार बजेट विनियोजन गरेको छु ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू तथा सदस्यज्युहरु ,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागी बजेट विनियोजन र व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

८४. आगामी आर्थिक बर्षका रु.७१ करोड १४ लाख ५६ ह्जार ५० रुपैया विनियोजन गरेको छु । कूल विनियोजन मध्ये चालु तर्फ रु.४५ करोड २४ लाख ११ हजार ७ सय ४९ रुपैया ५० पैसा तथा पुंजीगततर्फ रु २५ करोड ८३ लाख ४४ हजार ३ सय रुपैया ५० पैसा विनियोजन गरेको छु ।

८५. आ.व. २०७७/७८ मा संघको राजस्व बाँडफाँड अर्न्तगत ११ करोड ९८ लाख ६५हजार ५० रुपैया, प्रदेश राजस्व वाँडफाँड अर्न्तगत ५ करोड ३१ लाख ७२ हजार गरी कुल राजस्व बाँडफाँड रकम १७ करोड, ३० लाख ३७ हजार ५० रुपैया , त्यसैगरी समानीकरण अनुदान तर्फ संघ समानीकरण अनुदान रु. १८ करोड ९१ लाख र प्रदेशको समानीकरण अनुदान रु. ७९ लाख ८९ हजार गरी जम्मा १९ करोड ७० लाख ८९ हजार , त्यसैगरी सशर्त अनुदान तर्फ संघको सशर्त अनुदान रु. २८ करोड ८ लाख, त्यसै गरी आन्तरिक राजस्वतर्फ ५ करोड २३ लाख ३० हजार र गत वषको जिम्मेवारी सरेको रु. ८२ लाख गरी जम्मा आन्तरिक श्रोत ६ करोड ५ लाख ३० हजार खर्च व्यहोर्ने श्रोतहरु रहनेछन ।

यसरी वजेट विनियोजन गर्दा क्षेत्रगत रुपमा कुल वजेटको पूर्वाधारतर्फ ३०.३३ प्रतिशत, सामाजिक विकास तर्फ ४१.५६ प्रतिशत, आर्थिक विकास तर्फ ५.०९ प्रतिशत, सुशासन तथा अन्तर सम्वन्धित क्षेत्रतर्फ ५.७९ प्रतिशत, र कार्यालय संचालन तथा प्रशासनिक तर्फ १७.२४ प्रतिशत वजेट विनियोजन गरेको छु ।

८६. नगरपालिकाको तर्फबाट आर्थिक वर्ष २०७७/०७८ को अनुमानित आय व्यय विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु ।

८७. मैले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०७७/७८ बजेटको कार्यान्वयनबाट संक्रामक लगायतका सवै प्रकारका रोगहरुबाट नागरिकको जिवन रक्षा गर्न स्वास्थ्य प्रणाली सुदृढ र सवल हुने,जीवनोपयोगी शिक्षाको पहुँचमा अभिवृद्धि हुने  र उपलब्ध स्रोत र साधनको उच्चतम सदुपयोग र समान्यायिक वितरण भई नागरिकको जीवनस्तर समुन्नत, सभ्य, सुसंस्कृत र न्यायपूर्ण समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने मैले अपेक्षा गरेको छु ।

८८. कोभिड १९ कोरोनाको संकटले सिर्जना गरेको यस संकटको घडीमा सम्पूर्ण नगरवासी एकजुट भई सुखद भविष्य निर्माणका लागि उत्साहका साथ अघि वढ्न यस वजेटले प्रेरित गर्ने विश्वास लिएको छु ।साथै सवै राजनैतिक दल , संघसंस्था, निजी क्षेत्र तथा नागरिक समाज एवं सम्पूर्ण नगरवासीहरुलाई यो उद्धेश्य प्राप्ति तर्फ सहकार्यको लागि आव्हान गर्दछु ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू एवं सदस्यज्युहरु,**

८९.प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने नगर प्रमुखज्यू, सहयोग गर्नु हुने वडा अध्यक्षज्युहरु, कार्यपालिका सदस्यज्युहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटका सिद्धान्त, प्राथमिकता र प्रमुख नितिहरुमा छलफल गरी रचनात्मक सुझाव प्रदान गर्नु हुने विषयगत समितिहरु तथा नगरसभा सदस्यहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । बजेट तर्जुमाको क्रममा महत्वपूर्ण सुझाव प्रदान गर्नु हुने राजनीतिक दलहरु, विज्ञ समूह, निजि क्षेत्र, नागरिक समाज, सञ्चार जगतलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । नगरपालिकाको आर्थिक, सामाजिक विकासमा निरन्तर सहयोग पुरयाउनु हुने सवै करदाता र कठिन अवस्थामा सहयोग गर्ने विकास साझेदाहरुलाई हार्दिक धन्यबाद् दिन चाहन्छु । बजेट निर्माणमा अहोरात्र खटिनुहुने कार्यालयका प्रमुख प्रशासकीय अधिकृत तथा कर्मचारीहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । नगरपालिकाभित्र र नगरपालिका बाहिर रहनु भएका सबै दिदीबहिनी, दाजुभाइहरुलाई समृद्ध नगर निर्माण अभियानमा सहभागी हुन आव्हान गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु, साथै यो बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग प्राप्त हुने अपेक्षा समेत गरेको छु ।

९०. अन्त्यमा सवै नगरवासी दाजुभाई तथा दिदीवहीनीहरुलाई कोभिड १९ को जोखिमबाट सुरक्षित रहँदै समुन्नत, सभ्य, सुसंस्कृत र न्यायपूर्ण समाज निर्माणमा योगदान गर्न अपिल गर्दछु ।

*धन्यवाद !*

केशरी रावल (बिष्ट)
नगर उपप्रमुख
टीकापुर नगरपालिका, कैलाली ।